सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



राष्ट्रपति पौडेल र कतारका राजाबीच शीतलनिवासमा भेटवार्ता । पेज ४ मा

♦ वर्ष ७ ♦ अंक २०८ ♦ २०८१ साल वैशाख १२ गते बुधवार ♦ 24 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## कतारका अमिरको सम्मानमा रात्रिभोज



**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको दुई दिने राजकीय भ्रमणमा आएका कतारका अमिर शेख तमिम विन हमाद अल थानीको सम्मानमा मंगलबार साँझ काठमाडौंमा

*बाँकी पृष्ठ ४ मा*

## रौतहटमा आगलागीबाट ७ घर जलेर नष्ट



**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**

रौतहटको देवाही गोनाही नगर पालिका १ करुनियामा मंगलबार विद्युत् सर्ट भई आगो सँल्किदा ७ घर जलेर नष्ट भएको छ । स्थानीय नजारुल अन्सारी, साबिर हुसेन, अनसारुल अन्सारी, मजिद अन्सारी, ईद महमद, सोबराती अन्सारी र अलिशेर अन्सारीको घर जलेर नष्ट भएको सशस्त्र प्रहरी ११ नम्बर गणाले जानकारी दिएको छ ।

आगलागीबाट अन्न, लत्ताकपडा, भाँडा, नगदसहित घरहरु जल्दा १६ लाख ९० हजार बराबरको क्षति भएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी विक्रम हुमागाईंले जानकारी दिए ।

आगो लागेको घटना थाह पाउनासाथ सशस्त्र प्रहरीको सुरक्षा बेस देवाहीबाट सशस्त्र प्रहरी नायब निरीक्षक कृष्णनन्दन राय र ईलाका प्रहरी देवाही गोनाहीबाट प्रहरी निरीक्षक कुशाराम कार्कीको कमाण्डमा टोली खटिएको थियो ।

गौर नगरपालिकाको बारुणयन्त्र, सुरक्षाकर्मी र स्थानीयको सहयोगमा आगो साँझ नियन्त्रणमा लिइएको थियो । तराई/मधेशमा हावाहुरीका कारण आगलगीको घटना बढन् थालेको छ ।

## जनकपुरको एक होटेलमा महिला र पुरुष एउटै पासोमा मृत फेला

**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, महेन्द्रनगर**



जनकपुरधामको एक होटेलमा पासोमा झुण्डेको अवस्थामा पुरुष र महिला मृत फेला परेका छन् । रामानन्दचौकमा रहेको होटेल होलि डे एण्ड गेष्ट हाउसमा महोत्तरीको पिपरा गाउँपालिका-३ का ३१ वर्षीय हितेन्द्र पासवान र महोत्तरीको लोहारपट्टी नगरपालिका ४ खट्टाकी अन्दाजी २५ वर्षीया प्रियंका कापर मृत भेटिएको प्रहरीले जनाएको छ ।

आज बिहान ११ बजेतिर कोठा नम्बर २०५ मा दुबैजना पासोमा झुन्डिएर मृत अवस्थामा भेटिएको धनुषाका प्रहरी प्रवक्ता डीएसपी रञ्जन अवाले बताए । होटेल संचालकका अनुसार कोठा भित्र महिलाकी अढाई वर्षीया छोरी रोइ रहेको आवाज सुनिएपछि झ्यालबाट हेर्दा दुबैजना झुण्डेका थिए । जिल्ला प्रहरी कार्यालय धनुषाको प्रहरी टोलि घटनास्थल पुगेर ढोकालाई फोडेर बालिकालाई बाहिर निकालेको छ । बालिका महिलाकी छोरी हुन् । मृतक महिलाको माइत पिपरा हो । दुवैजना चार दिनदेखि होटेलमा थिए । पुरूषको चार र महिलाको १ सन्तान छन् । अनैतिक सम्बन्धको कारणले यस्तो घटना घटेको हुन सक्ने आशंका गरिएको छ । घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।


## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**






# पूर्वाधार निर्माणले प्रदेशबासी खुसी छन् : मन्त्री यादव




**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**

मधेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले पूर्वाधार विकासमा पछाडि परेको मधेश प्रदेशमा पछिल्लो समय तीव्र गतिमा पूर्वाधार निर्माणका काम भइरहेको बताए । मंगलबार महोत्तरीको औरही नगरपालिका वडा नम्बर १ र २ मा नाला निर्माणको शिलान्यास गर्दै उनले भौतिक पूर्वाधारको निर्माणसँगै प्रदेशबासी पनि खुसी भएको बताए ।

मन्त्री यादवले भने, 'पूर्वाधार निर्माण प्रदेशको आर्थिक सामाजिक रुपान्तरणसँग जोडिएको विषयसमेत भएको सुनाउँदै उनले भने, प्रदेशको अन्य भूभागसँग और ही नगरपालिकामा पनि सडक, नाला, विद्यालय भवनलगायत थुप्रै पूर्वाधार निर्माणका काम भइरहेको छ । आउँदो आर्थिक वर्षमा यस ठाउँका लागि थप विकास बजेट बिनियोजन गराउँछु ।'

मन्त्री यादवले एक कार्यक्रमबीच सो नाला निर्माणको शिलान्यास गर ` । प्रदेश सरकारको ४० लाख रुपियाँको लागत २१४ मिटर लामो नाला बन्नेछ । उपभोक्ता समितिमार्फत सो नाला निर्माणको काम सुरु गरिएको छ ।

प्रदेश सरकारले नाला निर्माणका लागि तत्काल ४० लाख रुपियाँ उपलब्ध गराएपनि एक साताभित्र थप ३५ लाख रुपियाँ उपलब्ध गर ाउने मन्त्री यादवले शिलान्यास कार्यक्रममा प्रतिवद्धता व्यक्त गरे । शिलान्यास कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयको उपस्थिति थियो ।

# महोत्तरीमा ७ लाखभन्दा ...

थालनी गरिने पत्रकार अन्तरक्रियामा स्वास्थ्य कार्यालय महोत्तरीकी कार्यालय प्रमुख सुनिता गुप्ताले जानकारी दिइन् ।

जिल्लाका सबै पालिकाका स्वास्थ्य शाखा र स्वास्थसम्बन्धी संघ संस्थाबाट तालिमप्राप्त स्वास्थ्यकर्मीहरुले घर नजिकैको केन्द्र तथा घरदैलोमै पुगेर औषधि खुवाउने तयारी भइरहेको गुप्ताले बताइन् ।

राष्ट्रिय अभियानअन्तर्गत प्रत्येक वर्ष हात्तीपाइले निवारणका लागि औषधि सेवन गराइँदै आएको भए पनि महोत्तरीमा रोग फैलने क्रममै देखिएको छ । गत वर्ष औषधि सेवन गर ाएपछि रक्त नमुना सर्वेक्षणमा जिल्लामा हात्तीपाइले बढ्दो समस्याको रुपमा पहिचान भएको स्वास्थ कार्यालयका सरुवा रोग फोकल पर्सन हरिनन्दन महतोले बताए ।

मटिहानी नगरपालिकाका ६ सय व्यक्तिमा रगत परीक्षण गर्दा २१ जनामा हात्तीपाइले देखिएपछि यसपटक थप प्रभावकरी तबर ले जिल्लामा कोही नछुट्ने गरी औषधि सेवन गराउने तयारी रहेको महतोले बताए । हात्तीपाइले रोग मानिसलाई शारीरिक रुपमा अशक्त तथा अपांगता बनाउने सरुवा रोग हो । धेरैजसो संक्रमण लक्षण बिनाको हुने भएकाले समुदायमा सहजै अन्य व्यक्तिहरुलाई समेत रोग सर्ने सम्भावना भएकाले यसबाट सचेत रहन स्वास्थ्यकर्मीले सबैमा अनुरोध गरेका छन् ।

दुई वर्ष उमेर नपुगेका बालबालिका, गर्भवती र सात दिनसम्मका सुत्केरी, सिकिस्त बिरामीबाहेक सबैले यो औषधि सेवन गर्न सक्ने भएकाले आफैं सचेत भएर औषधि सेवन अभियानमा सामेल हुन स्वास्थ्य कार्यालय प्रमुख गुप्ताले सबैलाई आग्रहसमेत गरिन् ।

# 'रावायण' मा पल र पूजाको जोडी, जनकपुरबाट सुटिङ सुरु

**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**

त्रेता युगमा भगवान् रामकी पत्नी बनेकी माता सीताको जन्मभूमि जनकपुरबाट 'र ावायण' फिल्मको सुटिङ सुरु भएको छ ।

अभिनेता पल शाह र अभिनेत्री पूजा शर्माको तेस्रो पटकको सहकार्यको यो फिल्मलाई सुदर्शन थापाले निर्देशन गर्दैछन् ।

सोमबारको शुभ साइतमा युनिटले जानकी मन्दिरमा फिल्मको शुभसाईत गर्दै सुटिङ थालेको हो । फिल्ममा पल शाह डबल रोलमा देखिँदैछन् ।



सुदर्शन र पूजाको सहकार्यमा यस अघि म यस्तो गीत गाउँछु र त्यसको सिक्वेलमा बनेको थियो ।

यो फिल्ममा अभिनेत्री प्रियंका कार्की र पूर्व मिस नेपाल समेत रहेकी अभिनेत्री निकिता चाण्डक पनि देखिदैंछन ।

# वैशाख १६ गतेदेखि हात्तीपाइले विरुद्धको औषधि खुवाइने

**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**

रामगोपालपुरमा वैशाख १६ गतेदेखि दुई सातासम्म घर घर मा पुगेर हात्तीपाइले विरुद्धको औषधि खुवाइने भएको छ । वैशाख १६ गतेदेखि दुई साता अवधिमा घर घरमा पुगेर हात्तीपाइले विरुद्धको औषधि खुवाइने भएको हो । आज मंगलवार नगरपालिकाको कार्यालयमा आयोजित पालिकास्तरीय योजना तर्जुमा तथा बहुनिकाय गोष्ठीमा औषधि सेवनका लागि योजना तय गर्न र कार्यक्रमलाई प्रभावकारी तुल्याउन सबै वडामा जनचेतना तथा प्रचार प्रसार कार्यक्रम गर्ने निर्णय भएको छ ।



राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रम यस वर्ष अन्तिम वर्षको रुपमा मनाउ अभियान लाई मध्यनजर गरि हात्तीपाइले विरुद्धको आम औषधि सेवन अभियानका रुपमा नगरका स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकामार्फत औषधि सेवन गराइने छ । नगर प्रमुख रामदुलार साहले औषधि अनिवार्य रुपमा सेवन गर्नका लागि सवै पक्षको प्रचारात्मक अभियान सहितको सहकार्यले हात्तीपाइले रोगलाई निर्मूल गर्न सकिने भएकाले सवैलाई यो अभियानमा सामेल हुन आग्रह गर्नुभएको छ । औषधि सेवनमा कोहि छुटेमा उनीहरुबाटै पुनः रोग सर्ने भएकाले अभियानमा सवै सामेल हुनुपर्ने प्रष्ट्याउँनु भयो ।

बैशाख १६ देखि नै वडास्तरीय सचेतना तथा प्रचारात्मक कार्यक्रम थालिने र अभियानमा खटिने स्वास्थ्यकर्मी लाई तालिम प्रदान गर्ने निर्णय भएको छ । औषधि कम सेवन भएको क्षेत्रको पहिचान गर्नुका साथै महिला स्वास्थ्य स्वंयमसेविकालाई तालिम, विद्यालय शिक्षा, पत्रकार सम्मेलन गरेर प्रचार प्रसारलाई व्यापक बनाइने नगरपालिकाका स्वास्थ्य शाखाका सह-संयोजक विजय दासले जनाउनु भयो । रामगोपालपुर नगरपालिकाभित्र हालसम्म कुनै पनि हात्तीपाईले रोगका विरामी फेला नपरेको पनि उनले स्पष्ट पारे । विगतका अभियानहरुमा औषधी लिने र पछि खान्छु भन्दै नखाने तथा फालिदिने भएपछि यसपटक स्वास्थ्यकर्मीका टोलीले आङ्ग नै अगाडी औषधी खुवाउने भएको तयारी गरिएको छ ।

क्युलेक्स जातको पोथी लामुखट्टेबाट सर्ने सो रोगको विरुद्ध यस वर्षदेखि लगातार ३ वर्षसम्म थप औषधि सहितको आइडीए औषधि सेवन विधिको क्रम सुरु भएको जनाइएको छ । गर्भवती महिला, ७ दिन भित्रको सुत्केरी, २ वर्षसम्मका बालबालिका, ओछ्यान परेका विरामी, क्षारे रोगका विरामीले बाहेक सवैले सो औषधि सेवन गर्न मिल्ने जानकारी गराइएको छ ।

स्वास्थ्य शाखाका सह-संयोजक दासले हात्तीपाइले रोगको जानकारी सम्बन्धी सहजिकरण गर्नुभएको कार्यक्रममा नगर उपप्रमुख रिना देवी यादव, प्रमुख प्रशासकीय अधिकृत अच्छेलाल दास सहितको सहभागिता रहेको थियो ।

कार्यक्रममा वडाध्यक्ष, ज्येष्ठ नागरिक, अस्पताल संचालक, शिक्षक संघसंस्थाका प्रतिनिधि, सुरक्षा निकाय र स्वास्थ्य शाखाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृष**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन**-समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**सिंह** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मकर** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ ।पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

# तपसीलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८१।०१।१२**

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय बर्दिवासबाट तपाई ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई सूचित गरिन्छ। साथै नेपाल राष्टू बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| क्र.श. | कर्जावालाको विवरण | सुरक्षण वापत धितोको विवरण | व्यक्तिगत/संस्थागत जमानीवाला |
|---|---|---|---|
| १. | **मेनुका थिङ्ग**<br>ठेगाना : धनुषा जिल्ला हरिहरपुर गा.बि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला मिथिला न.पा वडा नं. ०३<br>बाबु : सोम बहादुर थिङ्ग<br>ससुरा : जय लाल पाखीन<br>पति : कृष्ण विक्रम लामा<br>ना.प्र.नं. १७३०९१/८८<br>मितिः २०७०/०२/२३<br>जि.प्र.का. धनुषा<br>**कर्जाः हायर पर्चेज** | १. जय लाल पाखीनको बुहारी, सोम बहादुर थिङ्गको छोरी, कृष्ण विक्रम लामाको एकाघरकी श्रीमति, धनुषा जिल्ला हरिहरपुर गा.बि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला मिथिला न.पा वडा नं. ०३ की मेनुका थिंङ्गको नाममा यातायात व्यवस्था कार्यालय, बर्दिबासमा दर्ता रहेको प्र २-०४-००१ त-०००९, ईन्जिन नं. S325K39535, चेचिस नं. NHN32300ZKH479716, बनेको साल २०१९ को ट्रयाक्टर- थान १ | **१.कृष्ण विक्रम लामा**<br>ठेगाना : धनुषा जिल्ला हरिहरपुर गा.बि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला मिथिला न.पा वडा नं. ०३<br>बाबु : जय लाल पाखिन<br>बाजे : हर्षमान पाखिन<br>ना.प्र.नं.१७१०९१/४<br>मिति : २०६४/०४/२०<br>जि.प्र.का. धनुषा<br><br>**२.जयलाल पाखीन तामाङ्ग**<br>ठेगाना : धनुषा जिल्ला हरिहरपुर गा.बि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला मिथिला न.पा वडा नं. ०३<br>बाबु : हर्षमान पाखिन<br>बाजे : ज्वाला सिंह पाखिन<br>पत्नि : लाल माया लामा<br>ना.प्र.नं. ३६०७१५८४<br>मिति : २०३६/०९/२०<br>जि.प्र.का. धनुषा<br>**३. मनकामना इन्टर प्राइजेज**<br>फर्म दर्ता नं. : १९७५/०६८/६९<br>फर्म दर्ता मिति :२०६९/०३/१७<br>पान नं.: ६००४६६५१४<br>पान दर्ता मिति : २०६९/०३/१८<br>कम्पनी दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाही<br>ठेगाना : लालबन्दी-७,सर्लाही (हाल बर्दिवास-०१, महोत्तरी)<br>प्रोप्राइटर : विष्णु बहादुर वाइबा |

| क्र.श. | कर्जावालाको विवरण | सुरक्षण वापत धितोको विवरण | व्यक्तिगत जमानीवाला |
|---|---|---|---|
| १. | **पवि कुमारी**<br>ठेगाना :महोत्तरी जिल्ला पशुपतिनगर गा.बि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.०६ बस्ने<br>बाबु : महाविर महतो<br>ससुरा : महेन्द्र महतो<br>श्रीमान : लक्ष्मी महतो<br>ना.प्र.नं. ७०७३०४३२<br>मिति : २०४६/११/१८<br>जि.प्र.का. महोत्तरी<br>**कर्जाः आवास** | १. महेन्द्र महतोको बुहारी, महाविर महतोको छोरी लक्ष्मी महतोको एकाघरकी श्रीमती महोत्तरी जिल्ला किसाननगर गा.बि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.०६ बस्ने वर्ष ५३ की पवि कुमारीको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला किसाननगर गा.वि.स. वडा नं. ७/क स्थित कि.नं. ६२०, क्षे.फ. ०-०-१०-० को जग्गा र सो जग्गमा बनेको घरले चर्चेको तथा भविश्यमा चर्चने लिग लगापात समेत। | **१. लक्ष्मी महतो**<br>ठेगाना :महोत्तरी जिल्ला किसाननगर गा.बि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.०६ बस्ने<br>बाबु : महेन्द्र महतो<br>हजुरबुवा : फकिर महतो<br>श्रीमती : पवि कुमारी<br>ना.प्र.न.: : १८-१-०७३/७१८<br>मितिः : २०६९/०५/२३<br>जि.प्र.का. महोत्तरी<br><br>**२. रामेश्वर महतो**<br>ठेगाना :महोत्तरी जिल्ला किसाननगर गा.बि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.०६ बस्ने<br>बाबु : लक्ष्मी महतो<br>हजुरबुवा : महेन्द्र महतो<br>ना.प्र.नं. : १८-१-०७३/७३०<br>मिति : २०६९/०६/१५<br>जि.प्र.का. महोत्तरी |

## गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
## GOODWILL FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

**शाखा कार्यालयहरु**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| डिल्लीबजार | इन्द्रचोक | भक्तपुर | कुमारीपाटी | त्रिपुरेश्वर | नयाँबजार | ईटहरी, सुनसरी | विर्तामोड | नेपालगंज |
| ४४२२२९० | ५३२९५५४ | ६६२००६७ | ५४०८६९० | ५३३१५३३ | ५९१०७३८ | ०२५-५८७०५१ | ०२३-५३०५४८ | ०८१-५३२०५६ |
| घोराही, दाङ्ग | ईलाम | फिदिम | बुटवल | बर्दिबास | धनगढी | नवलपुर | गैंडाकोट | भैरहवा |
| ०८२-५६३३५० | ०२७-५२०५४५ | ०२४-५२१०६८ | ०७१-५३७२८२ | ०४४-५५०१०२ | ०९१-४१७३५७ | ०४६-५७००६० | ०७८-५०१४११ | ०७१-५९०९६३ |

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

# पत्रकार विनय कुमार यादवको सडक दुर्घटनामा निधन

**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, महेन्द्रनगर**



धनुषाको त्रिनेत्र न्यूज नेटवर्क द्धारा सँचालित ई-न्यूज ब्यूरो डट कमका कार्यकारी सम्पादक पत्रकार विनय कुमार यादवको सडक दुर्घटनामा परेर निधन भएको छ ।

गएराती करिब १ बजेको समयमा जनकपुर-ढल्केवर सडकखण्डमा उनले आफैं चलाएको मोटरसाईकल दुर्घटनामा परि निधन भएको हो ।

ढल्केवरबाट धारापानीतर्फ जाँदै गरेको अवस्थामा उनको दुर्घटना भएको बताईएको छ। मोटरसाईकलको पछाडी सवार एक जनाको अवस्था गम्भिर रहेको छ ।

उनको उपचार प्रादेशिक अस्पताल जनकपुरमा भईरहेको प्रहरीले जनाएको छ । गत बर्ष मात्र विवाह गरेका पत्रकार यादव गत बैशाख ४ गते मात्र जन्मदिन मनाएका थिए ।

गएराती ढल्केवरबाट साथीसँगलाई भेटेर घरतर्फ फर्किदैं गर्दा मोटरसाईकल अनियन्त्रित भएर पोलमा ठोक्किन जाँदा मृत्यू भएको प्रहरीले जनाएको छ । दुई भाई रहेका यादवको जेठो दाजु केही महिना अगाडी मात्र वैदेशिक रोजगारमा गएका थिए । उनको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ ।

दुर्घटना परेर ज्यान गुमाएका पत्रकार यादवको निधनले मधेशको पत्रकारिता क्षेत्रमा अपुरणीय क्षति भएको भन्दै विभिन्न संचार माध्यमले शोक व्यक्त गरेका छन् ।

यसैक्रममा सिरिष संचार समुहले उनको निधनप्रति दुख व्यक्त गर्दै पत्रकारिता क्षेत्रको विकासमा यादवको योगदान अविष्मरनिय भएको वताएको छ ।

संचार समुहका अध्यक्ष अजय साहले पेशाप्रतिको इमान्दारितालाई सधै ख्याल गर्ने र मेहनती पत्रकारकोरुपमा आफ्नो छवि वनाएको स्मरण गर्दै यादवको योगदानले सिक्न प्रेरित गरि रहने वताए ।

# महोत्तरीमा ७ लाखभन्दा बढीलाई हात्तीपाइले रोग विरुद्धको औषधि खुवाइँदै

**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**



राष्ट्रिय हात्तीपाइले रोग निवारण अभियानअन्तर्गत महोत्तरीमा ७ लाख १६ हजार २ सय ६४ जनालाई औषधि खुवाइने भएको छ । अन्य प्रभावित प्रदेश र जिल्लासँगै वैशाख १६ गतेबाट अभियान

*बाँकी पृष्ठ २ मा*

# राष्ट्रपति पौडेल र कतारका राजाबीच शीतलनिवासमा भेटवार्ता

राष्ट्रपति रामचन्द्र पौडेल र कतारका अमिर शेख तमिम बिन हमाद अल थानीबीच राष्ट्रपति भवन निवासमा शीतल निवासमा द्विपक्षीय भेटवार्ता चलिरहेको छ ।

कतारका अमिर अल थानी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधै शीलत निवास पुगेका हुन् । भेटमा आपसी हित र चासोबारे छलफल भएको जनाइएको छ । वार्तामा उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, ऊर्जा तथा जलस्रोत मन्त्री शक्ति वस्नेत, परराष्ट्र सचिव सेवा लम्साल, राष्ट्रपति कार्यालयका सचिव डिल्लीराम शर्मा, प्रमुख स्वकीय सचिवसहित राष्ट्रपतिका विज्ञ एवम सल्लाहकार सहभागी छन्।

यसअघि विमानस्थलको अतिविशिष्ट कक्षमा राष्ट्रपति पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ लगायत विशिष्ट पदाधिकारीहरुले अमिर अल थानीलाई स्वागत गरेका थिए ।

-रासस

## कतारका अमिरको ................

रात्रिभोजको आयोजना गरे । सो अवसरमा विविध सांस्कृतिक झलक पनि प्रस्तुत गरिएको थियो ।

रात्रिभोजमा प्रथम महिला सविता पौडेल, उपराष्ट्रपति र ामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालको उपस्थिति रहेको थियो । त्यस्तै रात्रिभोजमा प्रधानन्यायाधीश, पूर्वप्रधानमन्त्रीहरु, उपप्रधानमन्त्री, मन्त्री, सांसद, उद्योगपति एवं विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित महानुभावको सहभागिता थियो ।

कतारका अमिर अल थानी राष्ट्रपति पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको दुई दिने राजकीय भ्रमणमा मंगलबार अपराह्न त्रिभुवन विमानस्थलमा अवतरण गरेका थिए । राष्ट्रपति पौडेलले विमानस्थलको अतिविशिष्ट कक्षमा उनको स्वागत गरेका थिए। कतारका अमिर विमानस्थलबाट राष्ट्रपति भवन शीतल निवास पुगेका थिए । शीतल निवासमा राष्ट्रपति पौडेल र कतारका अमिरसहितको प्रतिनिधिमण्डलबीच द्विपक्षीय भेटवार्ता भएको थियो । बुधबार दुई देशका प्रतिनिधिमण्डलस्तरीय भेटवार्ताको कार्यक्रम छ ।-रासस

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
“२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं”
हामी प्रतिबद्ध छौ तपाई नी

हरिप्रसाद मण्डल
नगर प्रमुख
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी ९क्ष्म्ब० खुवाउने अभियान संचालन हुँदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।

मठिहानी नगरपालिका
महोत्तरी

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
“२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं”
हामी प्रतिबद्ध छौ तपाई नी

राम दुलार साह
नगर प्रमुख
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी ९क्ष्म्ब० खुवाउने अभियान संचालन हुँदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।

रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
“२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं”
हामी प्रतिबद्ध छौ तपाई नी

प्रदीप कुमार खड्का
नगर प्रमुख
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी ९क्ष्म्ब० खुवाउने अभियान संचालन हुँदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।

औरही नगरपालिका
महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा